## मिति:२०७५।०१।१६ गते नगर कार्यपालिकाको बैठकको निर्णय

१. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ सम्बन्धमा:

निर्णय:- यस बुद्धभूमी नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम संचालनको लागि गठन हुने उपभोक्ता समितिको गठन प्रक्रिया, परिचालन तथा व्यवस्थापनको कार्यविधी बनाई संचालन गर्न र नगरपालिकाका अन्य प्रशासकिय कार्यविधीहरु तयार गरी पास गरि सो अनुसार कार्य संचालन गर्नको लागि आगामी नगरसभामा लैजाने निर्णय गरियो ।

२. पत्रपत्रिकामा प्रकाशित समाचार सम्बन्धमा :

निर्णय:- बुटबल टुडेमा विभिन्न मितिमा प्रकाशित समाचारका सर्न्दभमा नगरसभाबाट पारित योजना साथै कार्यपालिका बाट भएका निर्णयहरुलाई हेर्दा समाचारमा उल्लेख भए अनुसार वास्तविकता नभएको र केही पदाधिकारीहरुको अभिब्यक्ति अनुसार योजनाहरुको स्रोत र बजेटको सुनिश्चिताका विषयमा यस नगरपालिकाको नगरसभा र नगरकार्यपालिकाबाट भए गरेका निर्णयहरु र योजनाहरुको अध्ययन गरी वास्तविकताका आधारमा समाचार र सूचना मात्र सार्वजनिक गर्नुहुन कार्यपालिका सदस्य ज्यूहरूलाई जानकारी गराउने निर्णय गरियो ।

३. वडा नं.१० वडा कार्यालयको मोटरसाईकल हराएको सम्बन्धमा :

निर्णय: यस नगरपालिका अन्तर्गत १० नं. वडा कार्यालयमा रहेको (साबिक धनकौली गाविसको नाउमा रहेको) सरकारी नम्बर प्लेटको नं.लु. १ ब ८८३ को मोटरसाईकल मिति:२०७४।११।२६ देखि हराएको भन्ने विषयमा यथार्थ छानविन गरि २०७५ जेठ मसान्त सम्म प्रतिबेदन पेश गर्न निम्नानुसारको छानबिन समिति गठन गर्ने निर्णय गरियो ।

- संयोजक श्री रामदेव पासी
- कपिल देव दिवारी
- राजु प्रसाद चौधरी

४. दोश्रो नगरसभाको निर्णय कार्यान्वियन सम्बन्धमा

निर्णय: यस नगरपालिकाको मिति:२०७४।११।२७ गते दोश्रो नगर सभाबाट भएका निर्णयहरु कार्यान्वियनमा केंही ढिलाई भएको देखिएकोले सभाबाट भएका निर्णयहरुलाई नियमित रुपमा कार्यान्वियन गर्न कार्यालयसंग सम्बन्धित कार्यालयलाई र वडा संग सम्बन्धित वडा कार्यालयलाई कार्यान्वयनको लागि जानकारी गराउने निर्णय गरियो ।

५. योजनाहरुको सम्झौता मिति सम्बन्धमा

निर्णय: यस नगरपालिकाको दोश्रो नगर सभाबाट पारित भएका निर्णय भएअनुसार यस चालु आ.ब.मा स्वीकृत बार्षिक कार्यक्रम तथा योजनाहरुको सम्झौताको मिति: बैशाख १५ गते सम्म भएको तर केही योजनाहरु आन्तरिक शिर्षक र बिविध कारणबस सम्झौता गर्न बाँकी रहेकोले सम्झौताको मिति २०७५ बैशाख मसान्त सम्म गर्ने निर्णय गरियो ।

६. विविध

१. <u>मोटरसाईकल व्यवस्थापन सम्बन्धमा:</u> यस कार्यालय र अन्तर्गत रहेको सम्पूर्ण मोटरसाईकलहरु को व्यवस्थापनको लागि नगर प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको व्यवस्थापन समिति गठन गर्ने र सो समितिले कार्यालय

[signature]
...हेश कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

अन्तर्गत शाखाहरुलाई कार्यालयको कामको शिलसिलामा आवश्यक पर्ने मोटरसाईकल व्यवस्थापन गरि बाँकी मोटरसाईकलहरुलाई कामको आधारमा वडा कार्यालयलाई समेत व्यवस्थापन हुने ब्यवस्था मिलाउने निर्णय गरियो।

मोटरसाईकल व्यवस्थापन समिति

१. संयोजक नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ
२. सदस्य प्रमुख प्रशासकिय अधिकृत
३. सदस्य जिन्सी शाखा

२. आन्तरीक तर्फ बजेट श्रोत भएका योजना संम्बन्धमा: यस नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार आन्तरीक तर्फ बजेट बिनियोजन भएका योजनाहरु मध्ये हाललाई वडा नं.४ र ९ का योजनाहरुको रु. १५ लाख सम्मको योजनाहरु सम्झौता गर्ने र अन्य वडाहरुको हकमा हाललाई रु. ५ लाख सम्मका योजनाहरु सम्झौता गर्ने र कार्य सम्पन्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

३. दमकल सेवा वापत सहयोग सम्बन्धमा: कपिलवस्तु नगरपालिकाको मिति:२०७५।०१।०६ च.नं. २१८० को पत्रानुसार दमकल सेवा संचालन बापत सहयोग माग भई आएको र यस नगरपालिका क्षेत्रहरुमा आवश्यक पर्दा सो नगरपालिकाको दमकल सेवाको उपभोग समेत गरिदै आएकोले लागत सहभागिता म्याचिङ फन्डको दमकल संचालन शिर्षकबाट रु.१ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो।

४. ढल निकासका लागि जग्गा व्यवस्थापन सम्बन्धमा: यस नगरपालिका अन्तर्गत गोरुसिंगे क्षेत्रको ढल निकास को लागि खानेपानी तथा ढल निकास विभागबाट बजेट बिनियोजन भई सो को लागि सर्भे लगाएतको काम भैसकेको र आयोजना कार्यान्वयनको लागि सर्भे अनुसार पूर्व पश्चिम लोकमार्ग अन्तर्गत अर्घाखाँची जाने चोक देखि करिव १ कि.मी. पूर्व बाटो देखी दक्षिण तर्फ कोन्द्रे खोलाको पश्चिम साईडमा ७५ मिटर चौडाई र १०० मिटर लम्बाई बराबरको जग्गा आवश्यकता हुने भएकोले सो योजना सम्पन्न हुने गरि उक्त जग्गा व्यवस्थापनको लागि जिल्ला जग्गा व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालयमा समेत अनुरोध गर्ने निर्णय गरियो।

५. सामुदायिक टेलिभिजन बुद्ध आवाजको प्रस्ताव सम्बन्धमा: सामुदायिक टेलिभिजन बुद्धआवाजले यस नगरपालिकाको विकासको विषयबस्तु समेटेर "हाम्रो नगर" कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गरेकोले उक्त कार्यक्रम संचालनको लागि प्रस्ताव अनुसार आवश्यक पर्ने रकमको लागि कार्यक्रमसंग मिल्दो शिर्षक हेरी बजेट भए सम्म कार्यक्रम सञ्चालानार्थ उपलब्ध गराउने निर्णय गरियो।

६. ब्याडमिन्टन खेलाडीका लागि आर्थिक सहयोग सम्बन्धमा: कपिलवस्तु जिल्ला ब्याडमिन्टन संघ, तौलिहवा कपिलवस्तुको चं.नं.१९ मिति:२०७५।०१।१६ को पत्रानुसार यही बैशाख २६ देखि २९ सम्म काठमाण्डौमा संचालन हुने सातौं पुस्पलाल स्मृती राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता २०७५ मा सहभागि हुन यसै नगरपालिका अन्तर्गत वडा नं.४ कि लिमिन बेल्बासे जानुहुने भएकोले उक्त कार्यक्रममा सहभागी भई सफलता हासिल गरि यस नगरपालिकाको नाम रोसन गर्नुहुनेछ भन्ने शुभ कामना सहित प्रोत्साहन स्वरुप रु.५ हजार सहयोग गर्ने निर्णय गरियो।

७. विजगौरी चोकमा JCB प्रयोग सम्बन्धमा: वडा कार्यालयको च.नं. ७२४, मिति:२०७५।१।११ को पत्रानुसार वडा नं.१० को विजगौरी चोकमा रहेको राईस मिल देखी रामजी चौधरीको घर हुँदै जैवुन निसा गद्दीको घर जाने बाटोलाई मर्मत गर्नाको निम्ति जे.सी.बी. र तेल समेत उपलब्ध गराउन अनुरोध भएकोमा ७ घन्टाको लागि आवश्यक पर्ने तेलको ब्यवस्थापन गरी जे.सी.वी. पठाउने र उक्त बाटोलाई मर्मत गर्ने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

८. वडा नं.१० आगलागीबाट पिडित परिवारको सहयोग सम्बन्धमा: मिति:२०७५।०१।१५ गते सांझ का दिन भएको आगलागिबाट वडा नं.१० अन्तर्गत निम्नानुसारका ब्यक्तिहरु पिडित भएकोले क्षेतीको अवस्था हेरी निम्नानुसारको सहयोग गर्ने निर्णय गरियो।

तपसिल

१. श्री रामबृक्ष लोहार (सहयोग रु.१० हजार)

२. श्री जगदिश बानिया (सहयोग रु.८ हजार)

३. श्री ईजहार मनिहार (सहयोग रु. ६ हजार)

४. श्री मुक्तार अहम्मद मिया (सहयोग रु.५ हजार)

५. श्री नहानु कुर्मी (सहयोग रु.४ हजार)

६. श्री बाजिद अलि (सहयोग रु.१ हजार)

९. वडा नं. ३ ने.रा.प्रा.वि.को योजना सम्बन्धमा: स्वीकृत बार्षिक कार्यक्रम अनुसार विद्यालयको छत ढलानको लागि रु.३ लाख बिनियोजन भएकोमा यस कार्यालयको प्राविधिक शाखाको प्रतिबेदन अनुसार उक्त छत ढलान कार्य उपयुक्त नहुने भएकोले छुट्टाईएको बजेटबाट थप घट नहुने गरि सोही विद्यालयमा व्यवस्थापन समितिको निर्णय अनुसार साईकल स्टेन्ड र गेट मर्मत निर्माणको लागत ईस्टिमेट तयार गरि सोही अनुसार गर्न अनुमति दिने निर्णय गरियो।

१०. महालेखा परिक्षकको प्रतिवेदन सम्बन्धमा: महालेखा परिक्षकको कार्यालय (संघिय मामिला तथा स्थानीय विकास निर्देशनालय) को च.नं.१६६०, मिति:२०७४।१२।२५ को पत्रानुसार सो कार्यालयबाट आ.व.०७३।७४ को आर्थिक कारोबारहरुको अन्तिम लेखा परिक्षणबाट औल्याईएका बेरुजुहरुको २०७४।११।१४ को प्रारम्भिक प्रतिवेदन अनुसार नियमानुसार फछ्र्यौट गरि सम्परिक्षण गराउनुहुन अनुरोध भई आएकोले बेरुजुसंग सम्बन्धीत सबै पक्षलाई पुनः पत्राचार गरि अबिलम्ब बेरुजु फछ्र्यौटको लागि जानकारी गर्ने र बेरुजु फर्छयौट र सम्परिक्षण गराउन सबै पदाधिकारीहरुले आवश्यक पहल समेत गर्ने निर्णय गरियो।

११. सडक कालोपत्रे दुर्गा मन्दिर देखि पश्चिम : १ नं. वडा कार्यालयको च.नं.११०६, मिति:२०७५।०१।१० को पत्रानुसार ५०/५० को लागत सहभागितामा वडा नं.१ बीरपुर दुर्गामन्दिर देखि पश्चिम भीम प्रसाद कंडेलको घरसम्म जाने सडक कालोपत्रेको योजना माग भई आएकोले कूल १० लाखको योजना लागत स्टीमेट तयार गरि यस नगरपालिकाको तर्फबाट रु. ५ लाख स्वीकृत गर्ने निर्णय गरियो।

१२. लागत सहभागिताको बांकी बजेट व्यवस्थापन सम्बन्धमा: लागत सहभागिता ५०/५० कार्यक्रम मध्येबाट हाल सम्म बिनियोजन भई बांकी रहेको र साथै सडकबोर्डको रकमको सन्दर्भमा पटक पटक निर्णय गर्न समस्या हुने र आर्थिक बर्षको करिब अन्तिम चौमासिकमा आईसकेको अवस्था भएकोले बाँकी रहेको रकमको सदुपयोग यसै आ.ब.मा हुने गरि योजनाहरुको माग र आवश्यकता हेरी बजेट कार्यान्वयनको निर्णयको लागि नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो।

१३. धर्मपुर गाउँबाट माग भएको योजना सम्बन्धमा: १० नं. वडा कार्यालयको च.नं.७३१, मिति:२०७५।०१।१३ को पत्रानुसार धर्मपुर गाउँ भित्र जाने बाटोमा माटो पटान सडक ग्राभेल गर्नाको लागि लागत सहभागिता अन्तर्गत सडक बोर्डको लागि न.पा.बाट छुट्याईएको बजेटबाट रू. २ लाख बजेट बिनियोजन गरि योजना संचालन गर्ने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

१४. पक्रेहटा गाउँबाट माग भएको योजना सम्बन्धमा : वडा नं. ५ वडा कार्यालयको च.नं. ५०७ मिति २०७५।१।१३ को पत्रानुसार पक्रेहटा गाउँको अधुरो नाली/कुलो निर्माण गर्नको लागि लागत सहभागिता तर्फको सडक बोर्डको लागि न.पा. बाट विनियोजित बजेट मध्येबाट रु. १ लाख ५० हजार बजेट उक्त नाली तथा कुलोको लागि विनियोजन गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो । साथै उक्त वडामा विद्युत टान्सर्फमको माग भई आएकोले आवश्यक प्रक्रिया पुरा गरी विनियोजित रकम मध्येबाट खरिद गर्ने निर्णय गरियो ।

१५. नगर स्तरीय दररेट निर्धारण समिति गठन सम्बन्धमा : यस नगरपालिकाबाट पारित नगर कार्यपालिकाको कार्य विभाजन नियमावली २०७४ अनुसार आफ्नो भौगोलिक क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा, महसुलको स्थानीय दररेट तोक्ने व्यवस्था भएकोमा यस चालु आ.व. को लागि जिल्लाले तोकेको जिल्ला दररेटलाई आधार मानी कार्य सम्पादन गर्ने भन्ने भएको र आमागी आ.व. को लागि ३ सदस्यीय तपसिलको नगर दररेट निर्धारण समिति गठन गरी सो समितिले नगरको लागि प्रभावकारी दररेट निर्धारण गरी नगर कार्यपालिकामा पेश गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. | इन्जिनियर | सदस्य |
| ३. | पूर्वाधार समितिको संयोजक | सदस्य |
| ४. | उद्योग वाणिज्य संघको प्रमुख /प्रतिनिधि | सदस्य |
| ५. | जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner